नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आश्विन/कार्तिक २०६७ (October 2010) वर्ष १४/अङ्क १६३

## हाम्रो विश्वासलाई सुरक्षित राखौं

पाष्टर महेश प्रसाद थाँजु

**"यसरी हामी छालले अगि-पछि हुत्याइएका, धार्मिक सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटचाईंले यताउता उडाइएका बालकहरूजस्ता नहोऔं ।"**

*एफिसी ४:१४*

आफ्नो हिंड्ने निश्चित मार्ग, दिशा र गन्तव्य नभएको महासागरको अस्थिर र अशान्त पानीमाथि तैरिरहेको कुनै जहाज वा डुँगाको जस्तो अवस्थालाई यो पदले चित्रण गरेको छ । वर्तमानमा, मण्डलीका थुप्रै विश्वासीहरू सोही प्रकृतिको जोखिममा पर्न थालेका छन् । हाम्रो आफ्नै कुनै ठोस सिद्धान्तको आधारशीलाको राम्रो ज्ञान नभएको अवस्थामा यो जोखिम हामीमाथि आइपर्न सक्तछ । कुनै एक स्थानीय चर्चमा प्रभु येशूलाई ग्रहण गरे पश्चात् पिता, पुत्र अनि पवित्र आत्माको नाउँमा पानीको बप्तिस्मा लिइसकेर पनि कतिपय हाम्रा विश्वासी दाजु-भाइ दिदी-बहिनीहरू अनौठा-अनौठा खालका शिक्षा-सिद्धान्त बोल्ने र सिकाउने समूहका शिकार भएका उदाहरणहरू थुप्रै छन् । यस सन्दर्भमा बताउन खोजिएको कुरा यो हो कि हामीलाई मण्डलीले सिकाएका शिक्षा सिद्धान्तका कुराहरूमा हामी सबै निश्चयताकासाथ अडिग भइ लागिरहनुपर्दछ । हामीलाई भर्माउने आशय लिएर आउनेहरूले प्रश्न उठाउँछन् - हाम्रो उद्धार-मुक्तिको बारेमा, हामीले लिएको पानीको बप्तिस्माको बारेमा, हाम्रो प्रभुभोज सेवाको बारेमा, येशू प्रभुको ईश्वरत्व र उहाँका आगमनको बारेमा अनि यस्तै-यस्तै अन्य कुराहरू । हामीहरू सबैको फाइदाका लागि नेपाली इसाई मण्डलीले अङ्गिकार गरेको विश्वासको सार यहाँ उद्धृत गरिएको छ । मण्डलीका प्रत्येक विश्वासीहरूलाई अनुरोध छ, हामी कोही पनि यसबाट दायाँ बायाँ लाग्नबाट होशियार होऔं र पावलले तिमोथीलाई भनेझैं हामीलाई सुम्पिएको जे छ त्यो हामीले सुरक्षित राख्नुपर्दछ । भक्तिहीन गनथन र खण्डनहरू, जो झूटो ज्ञान हो, तिनलाई परित्याग गरिनु पर्दछ किनकि यी कुराहरूका पछि लागेर कति जना आफ्नो विश्वासको लक्ष्यबाट चुकेर गएका छन (१ तिमोथी ६:२०-२१) ।

### हामी विश्वास गर्दछौं

**परमेश्वरबाट आदिमा दिइएको, उहाँबाट प्रेरित, त्रुटिरहित र पूर्ण विश्वासयोग्य, विश्वास अनि व्यवहारको लागि सर्वोत्तम मापदण्ड मानिएको पवित्र धर्मशास्त्र बाइबलमा ।**

**आदिदेखि अन्तसम्म हुनुहुने त्रिएक परमेश्वर पिता र पुत्र र पवित्र आत्मा ।**

**शरीरमा प्रकट, परमेश्वरका पुत्र प्रभु येशू ख्रीष्टमा,<br>कन्याद्वारा भएको उहाँको जन्ममा,<br>उहाँको पापरहित मानव जीवनमा,<br>उहाँका ईश्वरीय आश्चर्यकर्महरूमा,<br>प्रतिनिधिमूलक र प्रायश्चितरुपी उहाँको मृत्युमा,<br>शारीरिक पुनरूत्थान, स्वर्गारोहण, मध्यस्थकारी कार्यमा<br>र महिमा र शक्तिमा उहाँको पुनः पृथ्वी आगमनमा ।**

### हामी विश्वास गर्दछौं,

**मानवीय काम र प्रयासविना होइन तर प्रभु येशू ख्रीष्टले बगाउनु भएको रगतद्वारा मात्र हुनसक्ने पापी मानिसको मुक्तिमा ।<br>पवित्र आत्माद्वारा हुने त्यस मानिसको नवीकरणमा ।**

**हरेक विश्वासीमा जिउनुभएर पवित्र जीवन जिउन सहायता गर्नुहुने, प्रभु येशूको साक्षी भएर उहाँको काममा सक्रिय र प्रभवशाली हुनका निम्ति हामीलाई सामर्थी बनाउनुहुने पवित्र आत्मामा ।**

**सम्पूर्ण साँचा विश्वासीहरू,<br>ख्रीष्टको देह मण्डलीको आत्मिकी एकत्वपनमा ।**

**मुक्ति पाएका र नपाएका दुवैका पुनरूत्थानमा,<br>मुक्ति पाएकाहरूको निम्ति जीवनको पुनरूत्थान<br>र मुक्ति नपाएकाहरूको निम्ति नाशको पुनरूत्थानमा ।**

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुर्जुधारा** |
| **अश्विन २३ गते अक्टोबर ९ ता.** | पाष्टर सामुएल कार्थक | श्रीमती रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन गोपाल शर्मा | पाष्टर दफ्तन सादा | श्री गंगा राम न्यासूर |
| **अश्विन ३० गते अक्टोबर १६ ता.** | पाष्टर अशोक मुखिया | एल्डर पूर्ण सुनुवार | श्रीमती रुपा के.सी. | पाष्टर चार्ल्स स्मिथ | एल्डर श्री लक्ष्मी सैंजु | शरद सम्मेलन ललितपुर चच |
| **कार्तिक ६ गते अक्टोबर २३ ता.** | एल्डर सामुएल क्षेत्री | डीकन मान बहादुर मगर | डीकन बाघमान तामाङ्ग | एल्डर सिमोन खालिङ पाष्टर राजेन्द्र रोंगोंग | डीकन रूबेन श्रेष्ठ | श्री रूद्र राई |
| **कार्तिक १३ गते अक्टोबर ३० ता.** | पाष्टर रनल्ड सीठ | पाष्टर अशोक मुखिया | श्रीमती माला खालिङ | पाष्टर रोबर्ट कार्थक वार्षिक महोत्सव | श्रीमती गंगा श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च |
| **कार्तिक २० गते नोभेम्बर ६ ता.** | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर डा. राजेन्द्र रोंगोंग | श्री प्रेम बहादुर ठकुरी | संयुक्त सेवा ललितपुर चर्च |

## प्रार्थनाको अनुरोध

आश्विन २८-३० गते/अक्टोबर १४-१६ ता. सम्म पूर्वी नेपाल पथरीमा हुने मण्डली सम्मेलनमा वचनको सेवकाईको लागि आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक जाँदैहुनुहुन्छ। उहाँको सेवकाई र यात्राको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं।

## मिशनेरीहरूको लागि प्रार्थना

मण्डलीबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), श्री सुमन र श्रीमती रीना खड्गी (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), श्री प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी) र पाष्टर अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत) उहाँहरूको सेवकाई र मण्डलीमा साथै विभिन्न देश, विदेशमा रहेर मण्डलीहरूमा सेवकाई पुऱ्याइराख्नुभएकाहरूलाई आशिष मागिदिऔं।

## जानकारी

आश्विन २ गते/सेप्टेम्बर १८ ता. शनिबार नेपाली इसाई मण्डली गोंगबूँमा १२ जना विश्वासीहरूले समर्पण गर्नुभयो।

## नव दम्पति परिवारलाई हार्दिक बधाई



भाद्र २८ गते/सेप्टेम्बर १३ ता. सोमबार नेपाली इसाई मण्डली जोरपाटीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती श्री र रूथ तामाङ्ग लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:०० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| **प्रार्थना सभा** | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार<br>शुक्रबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बज<br>बिहान ५:०० बजे | नयाँ बानेश्वर<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ, पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला)<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी गाम्छा र सुन्दरीजल<br>गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबू | रानीपौवा |
|---|---|---|---|---|---|---|
| अश्विन २३ गते<br>अक्टोबर ९ ता. | पाष्टर<br>एस. सोदेम्बा | एल्डर<br>जमान तामाङ्ग | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | श्री<br>शुक्रराज घिमिरे |
| अश्विन ३० गते<br>अक्टोबर १६ ता. | **शरद सम्मेलन २०१०** | | | | पाष्टर<br>एल. पी. न्यौपाने | शरद सम्मेलन<br>गोंगबूँ चर्च |
| कार्तिक ६ गते<br>अक्टोबर २३ ता. | पाष्टर<br>महेश थाँजु | पाष्टर<br>एस. सोदेम्बा | एल्डर<br>दानिएल सापकोटा | डीकन<br>नर बहादुर श्रेष्ठ | डी.निर्मला ढङ्गेल<br>श्री जय सिहं | श्रीमती<br>ज्ञानु खड्का |
| कार्तिक १३ गते<br>अक्टोबर ३० ता. | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>अष्ट श्रेष्ठ | श्रीमती<br>रुष माया | श्री कुमार सेन्चुरी<br>श्रीमती अनिता तामाङ्ग | डीकन<br>बी.एन. पण्डित |
| कार्तिक २० गते<br>नोभेम्बर ६ ता. | पाष्टर<br>एस. सोदेम्बा | श्री<br>कृष्ण श्रेष्ठ | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | पाष्टर एल. पी. न्यौपाने<br>श्री प्रशान्त सिंह | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## अक्टोबर/नोभेम्बर महिनाको कार्यक्रम

- आश्विन २४ गते/अक्टोबर १० ता. आइतबार बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म नेइम बाल संगतिको महाभेला ज्ञानेश्वर मण्डली
- आश्विन २४-२६ गते/अक्टोबर १०-१२ ता. आइतबार बेलुकी ४:०० बजेदेखि मंगलबारसम्म मिशन सम्मेलन नेइम ज्ञानेश्वर मण्डली
- आश्विन ३०-३१ गते/अक्टोबर १६-१७ ता. शनिबार - आइतबार शरद सम्मेलन आ-आफ्नो मण्डली
- कार्तिक १ गते/अक्टोबर १८ ता. सोमबार महिला उपवास प्रार्थना बिहान १०:०० बजे आ-आफ्नै मण्डली
- कार्तिक १९-२१ गते/नोभेम्बर ५-७ ता. शुक्रबार-आइतबारसम्म नेइम टिनेजर्स् युथ क्याम्प ललितपुर, गोदावरी

### जानकारी

पनौती बासडोल बस्नुहुने नेइम पनौतीको सदस्य **श्रीमती मन सुन्दास** ६८ वर्षको उमेरमा भाद्र २७ गते सेप्टेम्बर १२ आइतबार प्रभुमा सुत्नुभयो ।

### विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा संगतिहरूमा सेवा शुरू हुन अघिनै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ-पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

३. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, मिशन, सहायता, छात्रवृत्ति, सुसमाचारको लागि भेटी दिन चाहनुभएमा सम्बन्धित कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. चाडपर्वको समयमा नयाँ विश्वासीहरू र यस वर्ष पानीको बप्तिस्मा लिनुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएकाहरू सबै परिस्थितिमा स्थिर रहन सकून् ।

२. मिशन सम्मेलनमा भाग लिनुहुने, वचनको सेवकाई गर्नुहुने, शरद सम्मेलनमा शाखा/आवद्ध मण्डलीहरूमा जानुहुनेहरू र सो समयमा हुने सम्मेलनहरूको लागि प्रार्थना गरिदिऔं ।

३. आश्विन र कार्तिक महिनामा देशभित्रका मण्डलीहरूमा हुने सेवा संगति र सम्मेलनको लागि प्रार्थना गरिदिऔं ।

४. देशको बिग्रँदो अवस्थाबाट नेपाल देश निको हुन सकोस् साथै प्रधान मन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रहि देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

५. देशमा भएको पाप तथा अधार्मिक कामको लागि पश्चात्तापको प्रार्थना गरौं साथै अन्धकारको शक्ति, तिनका दुष्टकार्यहरू, योजनाहरू र किल्लाहरूको विरूद्धमा खीष्ट येशूको नाउँमा अधिकारसाथ प्रार्थना गरौं जसको फलस्वरुप गरिबी, चोरी, डकैती, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यसन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन आदि जस्ता सबै दुष्ट र अपवित्र कुराहरू हटेर गएको होस् ।

६. नेपालका सबै अगुवाहरूलाई पवित्र आत्माको बप्तिस्माको इच्छा भएको र सो इच्छाअनुसार नै पवित्र आत्माको बप्तिस्मा पाएर आत्माको भरपूरीमा जिउनेहरू हुन सकून् साथै मण्डलीका विश्वासीहरूलाई पनि सो आशिषमा डोऱ्याउन सकून् ।

७. नेपाल देशबाट बाहिर विभिन्न मुलुकहरूमा रोजगार, पढाई साथै अन्य कामको लागि जानुभएकाहरूले विभिन्न माध्यमहरूबाट सुसमाचार सुनि खीष्ट प्रभुलाई विश्वास गर्न सकून् ।

८. नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन, पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै खीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैं तयार रहनेहरू हुन सकून् ।

९. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् मण्डलीमा आउनुहुनेहरू सबै खीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | **१७** 3<br>मण्डलीलाई अगुवाई गरिराख्नुभएका सेवक/सेविकाहरू एउटै दर्शनमा अघि बढ्न र मण्डलीलाई पनि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ | **२४** 10<br>आजदेखि हुने मिशन सम्मेलनमा वचनको सेवकाई गर्नुहुने साथै वचन सुन्नेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी २:१३, मत्ती १३:८ | **३१** 17<br>भोलि हुने उपवास प्रार्थनाद्वारा व्यक्तिगत जीवनमा, पारिवारिक क्षेत्रमा, मण्डली, समाज र देशमा अझै आशिष बगेको होस् ।<br>१ कोरिन्थी २:९ | **७** 24<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाईको लागि प्रार्थना गरौं ।<br>यशैया ४२:६-७ | **१४** 31<br>नेपाल देशमा रहेका सम्पूर्ण साना ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ५:३:१४-१९ |
| **सोमबार Monday** | **१८** 4<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू समय र ठाउँहरूमा पनि प्रार्थना सभाहरू साथै प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>मत्ती १८:१९-२० | **२५** 11<br>नेइमअन्तर्गतका मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली बनिँदै जान सकौं ।<br>कलस्सी १:१२ | **१ कार्तिक** 18<br>अन्धकारको शक्तिको विरूद्धमा खडा भई विजयी हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस् ।<br>एफिसी ६:१०-१८ | **८** 25<br>विभिन्न काम-व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारिताद्वारा परमेश्वरलाई महिमा दिन सकून् ।<br>भजनसंग्रह २५:२१ | **१५** 1<br>गरिबी, अभाव, बेरोजगारमा साथै अरू विभिन्न प्रकारको समस्यामा परेका सबैको लागि परमेश्वरको अनुग्रह मागिदिऔं ।<br>फिलिप्पी ४:४-७ |
| **मंगलबार Tuesday** | **१९** 5<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>२ कोरिन्थी ६:३-१० | **२६** 12<br>चाडपर्वको समयमा अधुरा परिवारमा भएका विश्वासीहरू सबै परिस्थितिमा स्थिर भइ प्रभुमा रहिरहन सकून् ।<br>यूहन्ना १६:३३ | **२** 29<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>लूका १५:११-२४ | **९** 26<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋृण, मुद्दा-मामिला साथै अन्य समस्याहरूमा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ४६:१-११ | **१६** 2<br>बेरोजगार भएकाहरूका अभाव प्रभुले पूरा गरिदिऊन् र काम पनि प्रभुले जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ |
| **बुधबार Wednesday** | **२०** 6<br>सबै घरेलु संगतिहरूमा मण्डलीका विश्वासीहरू एकअर्कालाई सहयोग, वास्ता र उत्साह दिँदै एक आपसको घनिष्ठता बढेर गएको होस् ।<br>हिब्रू १०:२४-२५ | **२७** 13<br>सेवकाईमा सहायता पुऱ्याइ राख्नु भएकाहरूको परिवारले पनि सेवकाईमा साथ दिन सकून् साथै परिवारको सबै आवश्यकताको लागि प्रार्थना गरिदिऔं ।<br>मत्ती ६:३३ | **३** 20<br>मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | **१०** 37<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>भजनसंग्रह २५:३-५ | **१७** 3<br>मण्डलीका विश्वासीहरू सबै प्रकारको भूल, धोका दिने झूठा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले जोगाऊन् ।<br>२ यूहन्ना ७-१० |
| **बिहीबार Thursday** | **२१** 7<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>भजनसंग्रह ८४:१-१२ | **२८** 14<br>बाल संगतिका बालबालिकाहरूको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा तथा अन्य क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं ।<br>यशैया ६१:९ | **४** 21<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>भजनसंग्रह १२८:१-६ | **११** 28<br>सबै जवानहरू सांसारिक अभिलाषा र परीक्षाबाट सधैं अलग रहन पवित्र आत्मा परमेश्वरले नै सधैं सहायता गरून् ।<br>भजनसंग्रह ११९:३३-३५ | **१८** 4<br>मण्डलीका सबै विश्वासीहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउने क्षेत्रमा अझै बोझ र दर्शनसाथ लागिपर्न सकून् ।<br>रोमी १०:१४-१७ |
| **शुक्रबार Friday** | **२२** 8<br>प्रत्येक शनिबार आराधना सेवामा नयाँ आउनेहरू सबैले प्रभु येशूद्वारा पाइने सित्तैंको क्मुक्ति र अनन्त जीवनलाई ग्रहण गर्न सकून् ।<br>रोमी १०:८-१३ | **२९** 15<br>शरद सम्मेलनको समयमा वचनको सेवकाईको लागि शाखा/आवद्ध मण्डलीहरूमा जानुहुनेहरूको यात्रा साथै सेवकाईको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १५:१६ | **५** 22<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचनको पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १४:२१ | **१२** 29<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ७८:१-८ | **१९** 5<br>टिनेजर्स् युवा क्याम्पमा गएका सबै जवानहरूले परमेश्वरको प्रेमलाई अझै गहिराइमा बुझ्न सकून् ।<br>भजनसंग्रह ११९:१-१८ |
| **शनिबार Saturday** | **२३** 9<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथासक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह ९६:१-९ | **३०** 16<br>शरद सम्मेलनमा सुनेको वचनमा सबै आज्ञाकारी हुन सकून् ।<br>याकूब १:२२ | **६** 23<br>धुम्रपान, मद्यपान, लागुपदार्थ दुर्व्यसन र विभिन्न बन्धनमा परेकाहरूको छुट्काराको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ६०:११-१२ | **१३** 30<br>बाल संगतिका शिक्षक/शिक्षिकाहरूले बोझ र दर्शन लिएर बालबालिका-हरूलाई प्रभुमा अझै डोऱ्याउँदै जान सकून् ।<br>भजनसंग्रह ७८:१-८ | **२०** 6<br>युवा क्याम्पमा पाएका आशिषहरूमा आज्ञाकारी र विश्वासयोग्य भई प्रभुमा अझै अघि बढेर जान सकून् ।<br>१ तिमोथी ६:११-१४ |

प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३९, काठमाडौं, नेपाल फोन नं: ४४१४४८५/४४१२१७२ Email:nim@wlink.com.np, www.nim.org.np